# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, मंसीर २४ गते २०४२ साल (अतिरिक्ताङ्क ४५ (ख)


## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट बंगलादेशको राजधानी ढाकामा भएको दक्षिण एशियाली मुलुकहरूका राष्ट्राध्यक्ष एवम् सरकार प्रमुखहरूको प्रथम सम्मेलनमा भाग लिइबक्सी स्वदेश फिरिबक्सँदा २०४२ साल मंसीर २४ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. मित्रराष्ट्र बंगलादेशको राजधानी ढाकामा सुसम्पन्न दक्षिण एशियाका सात राष्ट्रहरूको प्रथम शिखर सम्मेलनमा भाग लिई हाम्रा बडामहारानीका साथ आज स्वदेश फर्कंदा हामीलाई खुशी लागेको छ ।

२. यस सम्मेलनद्वारा पारित बडापत्रले यस क्षेत्रका जनताको सुख, शान्ति र समृद्धिशाली जीवनको लागि मेलमिलाप र समझदारीको बाटो लिएर क्षेत्रीय सहयोग स्थापित गर्ने सातै राष्ट्रको कटिबद्धतालाई संस्थागत स्वरूप प्रदान गरेको छ । सम्मेलनमा भएका औपचारिक तथा अनौपचारिक छलफलमा यस क्षेत्रको प्रत्येक राष्ट्रका शीर्षस्थ नेताहरूबाट क्षेत्रीय सहयोग, शान्ति तथा पारस्परिक विचारको आदान-प्रदानको आवश्य-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कतालाई महसूस गरी जुन प्रकारको भावना प्रदर्शित गरियो, त्यो हाम्रो क्षेत्रको इतिहासको सन्दर्भमा एक अपूर्व घटना थियो र यसबाट दक्षिण एशियाली आपसी सम्बन्धहरूमा नयाँ अध्याय मात्र थपिएको होइन, क्षेत्रीय सहयोगको भविष्य पनि उज्ज्वल हुनेछ भन्ने संकेत मिलेको छ । यस अवधिमा मित्रराष्ट्रका नेताहरूसँग भेटी क्षेत्रीय सहयोग तथा द्विपक्षीय सम्बन्धलाई सुदृढ गर्ने विषयमा उपयोगी छलफल गर्ने सुअवसर पनि हामीलाई प्राप्त भयो । यस ऐतिहासिक सम्मेलनको सफल आयोजना एवम् हामीप्रति दर्शाइएको आत्मीय स्वागत र आतीथ्यको लागि बंगलादेशका राष्ट्रपति, सरकार तथा जनताप्रति हामी सराहना तथा धन्यवाद ज्ञापन गर्दछौं ।

३. हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कामको अभिभारा सम्हाल्ने हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह तथा राजप्रतिनिधि परिषद्का सदस्यहरूलाई हामी धन्यवाद दिन चाहन्छौं । त्यस्तै मन्त्रिपरिषद् र अन्य सबै राष्ट्र-सेवकलाई पनि ऐन कानूनबमोजिम देशको दैनिक प्रशासन चलाएकोमा हामी धन्यवाद दिन चाहन्छौं । अन्तमा, हाम्रा प्यारा देशवासीले स्वदेशको बृहत् हितलाई हृदयंगम गरी दर्शाएको अनुशासन र लगनशीलताको निम्ति पनि हामी धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५५४